# चाइल्डकेयर प्यान्डेमिक EBT (P-EBT) का बारेमा प्राय: सोधिने प्रश्नहरू

2022-2023 शैक्षिक वर्ष (*मार्च 31, 2023)*

---

**प्रश्न 1: चाइल्डकेयर P-EBT भनेको के हो ?**
जवाफ: यो COVID-19 महामारीको बेला 6 वर्षभन्दा कम उमेरका बच्चाहरू भएका घरपरिवारहरूलाई मद्दत गर्नका लागि सङ्घीय सरकारद्वारा स्वीकृत गरिएको अस्थायी खाद्यान्न लाभ हो ।

---

**प्रश्न 2: चाइल्डकेयर P-EBT लाभहरूका लागि को योग्य हुन्छन् ?**
जवाफ: छ वर्षभन्दा कम उमेरका बच्चाहरू भएका 3SquaresVT लाभहरू प्राप्त गर्ने भर्मोन्टका घरपरिवारहरू । चाइल्डकेयर P-EBT लाभहरू योग्य घरपरिवारहरूलाई सेप्टेम्बर 2022 देखि मे 11, 2023 सम्म हरेक महिनाका लागि जारी गरिनेछ । सङ्घीय सरकारको जनस्वास्थ्य आपतकालीन स्थिति अन्त हुने भएकोले चाइल्डकेयर P-EBT लाभहरू मे 11 मा समाप्त हुन्छन् ।

---

**प्रश्न 3: चाइल्डकेयर P-EBT लाभमा के कति हुन्छ ?**
जवाफ: चाइल्डकेयर P-EBT लाभहरू सेप्टेम्बर 2022 देखि जनवरी 2023 का लागि प्रति महिना प्रति बच्चाका लागि $34.79 हुन्छ । फेब्रुअरीदेखि मे 11 का लागि दरको अहिलेसम्म गणना गरिएको छैन । मे महिनाको चाइल्डकेयर दर प्रो-रेटेड दर हुनेछ किनभने लाभहरू महिनाको बीचमै अन्त हुनेछन् ।

---

**प्रश्न 4: के समर चाइल्डकेयर P-EBT लाभ छ ?**
जवाफ: सङ्घीय सरकारको जनस्वास्थ्य आपतकालीन स्थिति मे 11 मा अन्त हुने भनेर तय भएकोले समर (ग्रीष्मकालीन) चाइल्डकेयर P-EBT लाभ हुने छैन । सङ्घीय कानुनले भर्मोन्टलाई जनस्वास्थ्य आपतकालीन स्थिति समाप्त हुँदा समर चाइल्डकेयर P-EBT लाभ जारी गर्न अनुमति दिएको छैन ।

---

**प्रश्न 5: चाइल्डकेयर P-EBT लाभहरू कहिले जारी हुनेछन् ?**
जवाफ: (सेप्टेम्बर 2022 देखि जनवरी 2023 का लागि) पहिलो चक्रका सुविधाहरू अप्रिल 2023 को अन्ततिर जारी गरिनेछ । P-EBT चाइल्डकेयर लाभका लागि योग्य हुने बच्चाहरूले घरपरिवारले 3SquaresV लाभ प्राप्त गरेको प्रत्येक महिनाका लागि सेप्टेम्बरदेखि जनवरीसम्मका लाभ महिनाहरूका लागि एउटा भुक्तानी प्राप्त गर्नेछन् ।

फेब्रुअरीदेखि मे 11 का लागि लाभहरू अगष्ट महिनाको अन्ततिर जारी गरिने योजना बनाइएको छ ।

---

**प्रश्न 6. मेरो घरपरिवार योग्य भए/नभएको म कसरी पत्ता लगाउन सक्छु ?**
जवाफ: इकोनोमिक सर्भिसेज डिभिजन (आर्थिक सेवा महाशाखा) (Economic Services Division, ESD) ले माथिका मापदण्डहरूको आधारमा तपाईंको बच्चा योग्य छन् कि छैनन् भनेर निर्धारण गर्नेछ । यदि तपाईं योग्य हुनुहुन्छ भने तपाईंले ESD बाट तपाईंले कसरी र कहिले लाभ प्राप्त गर्नुहुनेछ भनेर वर्णन गर्ने पत्र प्राप्त गर्नुहुनेछ ।

---

**प्रश्न 7: हामी योग्य भएमा हामीले यी लाभहरू कसरी प्राप्त गर्ने छौं ?**
जवाफ: चाइल्डकेयर P-EBT लाभहरू तपाईंको 3SquaresVT लाभका लागि तपाईंको घरपरिवारलाई जारी गरिएको EBT कार्डमा जारी हुन्छन् ।

---

**प्रश्न 8: मेरो बच्चाको संरक्षकत्व जिम्मा दुई परिवारबीच बाँडिएको छ । कसले लाभ प्राप्त गर्छ ?**
जवाफ: यो लाभ ESD द्वारा 3SquaresVT का लागि घरमूलीको रूपमा सूचीकृत गरिएको वयस्क व्यक्तिलाई पठाइनेछ ।

---

**प्रश्न 9: मैले यो लाभबाट के-के किन्न सक्छु ?**
जवाफ: USDA को वेबसाइटमा योग्य खाद्यान्नहरूको सूची हेर्नुहोस् ।

---

**प्रश्न 10: मैले मेरो EBT कार्ड कहाँ प्रयोग गर्न सक्छु ?**
जवाफ: तपाईंले यसलाई 3SquaresVT स्वीकार गर्ने कुनै पनि स्थानमा खाद्यान्न किन्नका लागि प्रयोग गर्न सक्नुहुन्छ । यसमा भर्मोन्टका किराना पसल, सुपरमार्केट, कन्भिनिएन्स स्टोर र अनेक किसान बजारहरू पर्दछन् । DCF को EBT वेबपेजमा थप जान्नुहोस् ।

---

**प्रश्न 11: मसँग चाइल्डकेयर अर्थात् बाल स्याहारमा जाने बच्चा छैनन् । के मैले यो लाभ प्राप्त गर्छु ?**
जवाफ: हो । छ वर्षभन्दा कम उमेरका र 3SquaresVT प्राप्त गरिरहेका सबै बच्चाहरू योग्य हुन्छन् ।

---

**प्रश्न 12: मसँग छ वर्षभन्दा बढी उमेरका अन्य बच्चाहरू छन् । के उनीहरू चाइल्डकेयर P-EBT लाभका लागि योग्य हुन्छन् ?**
जवाफ: हुँदैनन् । यो लाभ 3SquaresVT प्राप्त गरिरहेका छ वर्षभन्दा कम उमेरका बच्चाहरूका लागि मात्र उपलब्ध छ । स्कुल जाने उमेरका बच्चाहरूलाई उपलब्ध सुविधाहरूका बारेमा थप जानकारीका लागि कृपया स्कुल P-EBT प्राय: सोधिने प्रश्नहरू हेर्नुहोस् ।

---

**प्रश्न 13: यदि म यो लाभ प्राप्त गर्न चाहन्न भने के हुन्छ ?**
जवाफ: सहभागिता स्वैच्छिक छ । यदि तपाईं सहभागी नहुने भनेर छनौट गर्नुभयो भने तपाईंको 3SquaresVT EBT कार्डमा जारी गरिएका थप लाभहरू प्रयोग नगर्नुहोस् ।

---

**प्रश्न 14: P-EBT लाभहरू खर्च गरिएन भने के तिनीहरूको म्याद समाप्त हुन्छ ?**
जवाफ: हो । 274 दिनभित्र कार्ड प्रयोग गरिएन भने P-EBT लाभहरूको म्याद समाप्त हुनेछ ।

---

**प्रश्न 15: मसँग थप प्रश्नहरू छन् । मैले थप कुरा कहाँ जान्न सक्छु ?**
जवाफ: थप जानकारीका लागि https://dcf.vermont.gov/esd/P-EBT मा जानुहोस् वा 1-800-479-6151 विकल्प 7 मा फोन गर्नुहोस् ।

VERMONT
AGENCY OF HUMAN SERVICES
DEPARTMENT FOR CHILDREN & FAMILIES

VERMONT
AGENCY OF EDUCATION